20 October 2024

**यो आकाशवाणी हो**

**सबैभन्दा पहिला आजका मुख्य समाचार**

- **बितेको दश वर्षमा देशको स्वास्थ्य क्षेत्रमा उल्लेखनीय विकास भएको प्रधानमन्त्रीको भनाई**
- **प्रधानमन्त्रीले विभिन्न 23 विकास परियोजनाहरूको गर्नुभयो उद्घाटन र शिलान्यास**
- **राष्ट्रपतिले मङ्गलबार पाँचौं राष्ट्रिय जल पुरस्कार-वितरण गर्नु हुने**
- **महाराष्ट्र विधानसभा चुनाउका लागि भाजपाले जारी गऱ्यो उम्मेदवारहरूको पहिलो सूची**
- **भारतलाई खेलका 10 श्रेष्ठ देशमा समावेश गराउने केन्द्र सरकारको लक्ष्य, अनि**
- **पहिलो टेस्टमा न्युजिल्यान्डले भारतलाई 8 विकेटले हराएर अग्रता कायम गऱ्यो**

**अब समाचार विस्तारमा**

**प्रधानमन्त्री-वाराणसी**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले बितेका 10 वर्षमा देशको स्वास्थ्य सेवा क्षेत्रमा महत्वपूर्ण परिवर्तनहरू भएको बताउनु भएको छ।
उहाँले पूर्वाञ्चलको मात्र नभई सम्पूर्ण देशकै प्रमुख स्वास्थ्य सेवा केन्द्रका रूपमा काशीको बढ्दो ख्याति रहेको उल्लेख पनि गर्नुभयो। श्री मोदीले आज आफ्नो संसदीय क्षेत्र वाराणसीमा शंकर नेत्र अस्पतालको उद्घाटन गरेपछि यस्तो विचार साझा गर्नुभएको हो।
सरकारले देशको स्वास्थ्य सेवा पूर्वाधारलाई बलियो बनाउन आगामी पाँच वर्षभित्रमा 75 हजार मेडिकल सिट थप्ने प्रधानमन्त्रीले घोषणा गर्नुभयो ।
श्री मोदीले जनतालाई सस्तो र सुलभ उपचार उपलब्ध गराउन स्वास्थ्य सेवाको क्षेत्रमा केन्द्र सरकारका विभिन्न पहलहरूको उल्लेख गर्नुभयो। उहाँले विगत १० वर्षमा पूर्वाञ्चलमा पाँच हजार पाँच सय आयुष्मान स्वास्थ्य केन्द्र स्थापना भएको उल्लेख गर्नुभयो । प्रधानमन्त्रीले आयुष्मान स्वास्थ्य केन्द्रको स्थापनासँगै औषधिको मूल्य घटेको र औषधिमा सर्वसाधारणको औसत खर्च २५ प्रतिशतले घटेको बताउनु भयो। उहाँले आफ्नो सरकार पहिलो पटक सत्तामा आउँदा देशमा भेक्सिनेसनको अवस्था निकै सोचनीय रहेको बताउँदै मिशन इन्द्रधनुषको सफलताको उल्लेख गर्नुभयो।  लाखौं गर्भवती महिला र नवजात शिशुहरूका लागि भेक्सिनेसन अभियान विशेष गरी कोभिड महामारीको समयमा गरिएको उहाँले जानकारी दिनुभयो।
तमिलनाडुको कांची कामकोटी पिठका जगद्गुरु श्री शंकर विजयेन्द्र सरस्वतीको उपस्थितिमा शंकर नेत्र अस्पतालको उद्घाटन गरिएको हो ।
पछि, प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आफ्नो संसदीय क्षेत्र वाराणसीबाट 6 हजार 700 करोड रुपियाँका  विभिन्न 23 वटा विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो।

कनेक्टिभिटी सुधार गर्ने आफ्नो सरकारको प्रतिबद्धतालाई सुदृढ गर्दै, श्री मोदीले मध्य प्रदेशको रीवा एयरपोर्ट, छत्तीसगढको अम्बिकापुरमा मा महामाया एयरपोर्ट र उत्तर प्रदेशको सरसावा एयरपोर्टको नयाँ टर्मिनल भवनहरूको उद्घाटन गर्नुभयो।

यसबाहेक, प्रधानमन्त्रीले वाराणसीको लालबहादुर शास्त्री अन्तर्राष्ट्रिय विमानस्थलको रनवे विस्तार र नयाँ टर्मिनल भवन निर्माण र सम्बद्ध कार्यको शिलान्यास गर्नुभयो। उहाँले उत्तर प्रदेशको आगरा एयरपोर्ट, बिहारको दरभंगा एयरपोर्ट र पश्चिम बंगालको बागडोग्रा एयरपोर्टमा न्यू सिभिल एन्क्लेभको शिलान्यास पनि गर्नुभयो।
खेलकुदका लागि उच्च-गुणस्तरीय पूर्वाधार उपलब्ध गराउने आफ्नो दृष्टिकोणको अनुरूप, प्रधानमन्त्रीले खेलो इन्डिया योजना र स्मार्ट सिटी मिशन अन्तर्गत वाराणसी खेलकुद परिसरको पुनर्विकासको चरण दुई र तीन को उद्घाटन गर्नुभयो।
यसरी नै उहाँले लालपुरको डा भीमराव अम्बेडकर खेलकुद स्टेडियममा १०० शैयाको  छात्रावास र सार्वजनिक मण्डपको पनि उद्घाटन गर्नुभयो।

**राष्ट्रपति - राष्ट्रिय जल पुरस्कार**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले मङ्गलबार नयाँ दिल्लीमा पाँचौं राष्ट्रिय जल पुरस्कार-वितरण गर्नु हुनेछ। केन्द्रीय जलशक्ति मन्त्रालयले नौ विधामा ३८ विजेताको नाम घोषणा गरेको छ। जसमा उत्कृष्ट ३ राज्य, उत्कृष्ट जिल्ला, उत्कृष्ट ग्राम पञ्चायत, उत्कृष्ट सहरी स्थानीय निकाय, उत्कृष्ट ३ खानेपानी उपभोक्ता संघ अनि उत्कृष्ट नागरिक समाज रहेका छन् । उत्कृष्ट राज्यको श्रेणीमा ओडिशा पहिलो स्थानमा छ भने उत्तर प्रदेश दोस्रो अनि गुजरात र पुडुचेरी संयुक्त रूपमा तेस्रो स्थानमा छन्।

**भाजपा - महाराष्ट्र**

भारतीय जनता पार्टीले आगामी महाराष्ट्र विधानसभा चुनाउका लागि ९९ जना उम्मेदवारहरूको पहिलो सूची जारी गरेको छ। महाराष्ट्र विधानसभाका सबै 288 विधानसभा सीटहरूका लागि 20 नोभेम्बरमा चुनाउ हुनेछ भने मतगणना 23 नोभेम्बरममा हुनेछ।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**एपी–बडावेल आक्रमणको घटना**

आन्ध्र प्रदेशका मुख्यमन्त्री श्री चन्द्रबाबु नायडूले कुड्डापा जिल्लाको बडवेलमा एक विद्यार्थीको मृत्युमाथि गहिरो शोक व्यक्त गर्नुभएको छ। एक युवकले जलाएपछि ती बालिकाको मृत्यु भएको हो । घटनाका मुख्य अभियुक्तलाई पक्राउ गरिएको पुलिसले जनाएको छ । मुख्यमन्त्रीले फास्ट ट्र्याक प्रक्रियाअन्तर्गत विशेष अदालतमा मुद्दा चलाउन निर्देशन दिनुभएको छ ।

**EPFO-सदस्य**

कर्मचारी भविष्यनीधि कोष सङ्गठन **EPFO** ले यस वर्ष अगस्त महिनामा 18 लाख 53 हजार थप सदस्य बनाएको छ। रोजगारीका अवसरमा भएको वृद्धि, कर्मचारीको भत्ताबारे जनचेतनामा अभिवृद्धि र संस्थाको सफल आउटरिच कार्यक्रमका कारण नयाँ सदस्यता वृद्धि भएको श्रम तथा रोजगार मन्त्रालयले जनाएको छ । अघिल्लो वर्षको अगस्त महिनाको तुलनामा यस वर्ष अगस्त महिनामा संस्थाको सदस्य संख्या नौ प्रतिशतले बढेको हो ।

**तिरुवनन्तपुरम-माण्डविया**

केन्द्रीय युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख मण्डवीयले खेलकुदको क्षेत्रमा भारतलाई विश्वका उत्कृष्ट प्रदर्शन गर्ने श्रेष्ठ दस देशमा समावेश गर्ने केन्द्र सरकारले लक्ष्य राखेको बताउनु भएको छ । उहाँले तिरुवनन्तपुरमको कौडियारमा आयोजित अपग्रेडेड स्पोर्ट्स अथोरिटी अफ इन्डिया गल्फ कोर्सको उद्घाटन समारोहलाई सम्बोधन गर्दै यस्तो विचार साझा गर्नुभएको हो।

उहाँले भारतमा गल्फको अपार सम्भावना रहेको बताउनु भयो। उहाँले सन् २०४७ सम्ममा भारतलाई विकसित राष्ट्र बनाउन यस देशका प्रत्येक नागरिकको स्वास्थ्य राम्रो हुनुपर्नेमा कुरामा जोड दिनुभयो । यो लक्ष्य हासिल गर्न हाम्रो समाजको शारीरिक, मानसिक र सांस्कृतिक स्वास्थ्य असल हुन आवश्यक छ भनी उहाँले बताउनुभयो।

**दिल्ली हाफ म्याराथन**

दिल्ली हाफ म्याराथनको 19 औं संस्करण आज राष्ट्रिय राजधानीमा सम्पन्न भयो। युगान्डाका ओलम्पिक च्याम्पियन **जोशुआ चेप्टेगी** पुरुष र महिलातर्फ इथियोपियाकी **एलेमदिस इयायु** पहिलो स्थान प्राप्त गर्न सफल भए। जवाहरलाल नेहरू स्टेडियमबाट सुरु भएको म्याराथनमा हजारौं मानिस सहभागी भएका थिए ।

**कश्मीर- मैराथन**

आज जम्मू कश्मीरको श्रीनगरमा पहिलोपल्ट अन्तर्राष्ट्रीय मैराथनको आयोजन गरियो। जम्मू-कश्मीरका मुख्यमन्त्री श्री उमर अब्दुल्लाले मैराथनलाई हरियो झण्डा देखाएर विदा गर्नुभएको थियो।

42 किलोमीटरको फुल मैराथन अनि 21 किलोमीटरको हाफ मैराथनमा भारत अनि 12 अन्य देशका 17 सयभन्दा धैरै धावकले भाग लिएका थिए। जम्मू-कश्मीरका उपराज्यपाल श्री मनोज सिन्हाले मैराथनका विजेताहरूलाई सम्मानित गर्नुभयो।

**भारत यू-17 -एएफसी**

आगामी 23 अक्टोबरदेखि 27 अक्टोबरसम्म थाइल्याण्डमा हुने एएफसी अन्डर-17 एसियन कप 2025 छनोटका लागि भारतको अन्डर-17 पुरुष राष्ट्रिय फुटबल टीमको घोषणा भएको छ।   भारतलाई समूह डी मा राखिएको छ। भारतले 23 अक्टोबरमा **ब्रुनाई दारुसलाम**सित**,** 25 अक्टोबरमा **तुर्कमेनिस्तान**सित अनि 27 अक्टोबरमा आयोजक थाइल्याण्डसँग खेल्नेछ। एएफसी अन्डर 17 एसियन कप 2025 साउदी अरेबियाले आयोजना गर्दैछ।

**भारत - टीम हक्की**

हकी इन्डियाले वर्तमान विश्व च्याम्पियन जर्मनीविरुद्ध नयाँ दिल्लीमा हुने द्विपक्षीय शृङ्खलाका लागि 22 सदस्यीय टीमको घोषणा गरेको छ। भारतीय टीमको नेतृत्व हरमनप्रीत सिंहले गर्नेछन् भने उपकप्तान विवेक सागर प्रसाद हुनेछन्।  दुई म्याचको शृंखला 23 र 24 अक्टोबरमा मेजर ध्यानचन्द राष्ट्रिय स्टेडियममा हुनेछ।

**क्रिकेट – भारत-न्युजिल्याण्ड**

बेङ्गलुरूमा आज सम्पन्न पहिलो क्रिकेट टेस्टमा भारतलाई 8 विकेटले पराजित गर्दै न्युजिल्यान्डले तीन म्याचको शृङ्खलामा एक –शुन्यको अग्रता लिएको छ। हिजो 462 रनमा अलआउट भएपछि भारतले न्युजिल्यान्डलाई 107 रनको लक्ष्य दिएको थियो। जसलाई न्युजिल्यान्डले 28 ओभरमा पूरा गरी 36 वर्षमा भारतमा पहिलो टेस्ट म्याच जितेको छ।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **बितेको दश वर्षमा देशको स्वास्थ्य क्षेत्रमा उल्लेखनीय विकास भएको प्रधानमन्त्रीको भनाई**
- **प्रधानमन्त्रीले विभिन्न 23 विकास परियोजनाहरूको गर्नुभयो उद्धाटन र शिलान्यास**
- **राष्ट्रपतिले मङ्गलबार पाँचौं राष्ट्रिय जल पुरस्कार-वितरण गर्नु हुने**
- **महाराष्ट्र विधानसभा चुनाउका लागि भाजपाले जारी गऱ्यो उम्मेदवारहरूको पहिलो सूची**
- **भारतलाई खेलका 10 श्रेष्ठ देशमा समावेश गराउने केन्द्र सरकारको लक्ष्य, अनि**
- **पहिलो टेस्टमा न्युजिल्यान्डले भारतलाई 8 विकेटले हराएर अग्रता कायम गऱ्यो**

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार पूरा भयो